# सर्केगाड गाउँपालिका, हुम्ला
## कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भाग-२

| | | |
|---|---|---|
| **खण्डः ३** | **संख्याः ४** | **मितिः २०७८/०३/१०** |

**व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७८**

सर्केगाड गाउँपालिका, हुम्ला

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७८

**गाउँ कार्यपालिकाबाट प्रमाणित मितिः २०७८/०३/१०**

**प्रस्तावनाः** सर्केगाड गाउँपालिका क्षेत्र भित्र सञ्चालित तथा सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाइ कानूनी दायरामा ल्याउन व्यवसाय सञ्चालनमार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाइ समेत टेवा पुर्याउन स्वच्छ मर्यादित र प्रतिस्प्रधातमक बजारको प्रवर्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्नुका साथै स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाइ अगाडी बढाउन बाञ्छनिय भएकोले सर्केगाड गाउँपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम सर्केगाड गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि, २०७८ रहनेछ ।

(२) यो कार्यविधि २०७८/०४/०१ देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यालय" भन्नाले यस सर्केगाड गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस सर्केगाड गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस सर्केगाड गाउँपालिका अन्तर्गतका ८ वटै वडाको वडा कार्यालय सम्झनु पर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस सर्केगाड गाउँपालिकाका अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस सर्केगाड गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) "कार्यपालिका" सदस्य भन्नाले यस सर्केगाड गाउँपालिकाका गाउँ कार्यपालिका सदस्य सम्झनुपर्नेछ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले यस सर्केगाड गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस सर्केगाड गाउँपालिकाका ८ वटै वडाका वडा समितिहरु सम्झिनु पर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस सर्केगाड गाउँपालिकाभित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७८ सम्झनुपर्नेछ ।

३. **क्षेत्रः** यस सर्केगाड गाउँपालिका भित्रका सबै व्यवसायीहरुलाइ यस कार्यविधिले समेट्ने छ । साथै यस सर्केगाड गाउँपालिका अन्तर्गतका बजार क्षेत्रहरुमा अस्थायी रुपमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरुलाइ पनि यस कार्यविधिले समेट्ने छ ।

४. **विषयगत क्षेत्रः** विषयगत क्षेत्र अन्तर्गतका करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य बस्तु तथा सेवा, खाद्यान्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय, चिया पसल रेष्टुरेन्ट, होटल तथा लज

(ग) पशुपालन फर्म,कुखुरा सुँगुर बाख्रा गाइ भैसी आदि

(घ) नर्सरी

सर्केगाड गाउँपालिका, हुम्ला

(ङ) उद्योग तथा कल कारखाना घरेलु तथा साना उद्योग

(च) कृषि फर्म

(छ) औषधी पसल आदि ।

# परिच्छेद- २
## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

५. **व्यवसाय दर्ता प्रक्रियाः**

**(१) व्यवसाय दर्ता गर्नुपर्नेः** प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गर्नुपर्नेछ ।

**(२) सूचना प्रकाशन गरिनेः** व्यवसाय दर्ताको लागि सूचना स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गरिनेछ।

**(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्नेः** हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुले ०७८ भाद्र मसान्तसम्ममा अनिवार्य रुपमा आ-आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्ने छ । साथै नया व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुले नया व्यवसाय सञ्चालन गरेको मितिलदे एक महिनाभित्र अनिवार्य रुपमा आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

६. **दर्ताका लागि आवश्यक कागजातहरुः**

(१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूचि ३ बमोजिमको ढाचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(क) हालसालै खिचेको दुइ प्रति फोटो

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) व्यवसाय सञ्चालन गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्र

(घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि

(ङ) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनिको मन्जुरीनामा

(च) उद्योगको हकमा सधियारको मञ्जुरीनामा

(छ) स्थानिय उद्योग वाणिज्य संघको सीफारिस पत्र

७. **प्रमाणपत्र सम्बन्धी व्यवस्थाः** दफा ६ को उपदफा (१) बमोजिमका कागजातहरु प्राप्त भइसकेपश्चात तोकिएको दस्तुर लिइ कार्यालयले अनुसूचि १ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८. **व्यवसाय नविकरण सम्बन्धी व्यवस्थाः** प्रत्येक व्यवसायीले आर्थिक वर्षको श्रावण मसान्तसम्ममा आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नविरकणको लागि देहाय बमोजिमको कागजपत्रहरु पेश गर्नु पर्नेछ ।

(क) निवेदन

(ख) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कलै प्रति

(ग) सम्बन्धित व्यवसाय वा फर्मको स्थायी लेखा प्रमाणपत्र नं

(घ) करचुक्ता प्रमाणपत्र

९. **व्यवसाय दर्ता तथा नविरकण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(१) व्यवसाय दर्ता र नविकरण सम्बन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गरेको दर क्रमश अनुसूचि २(क) र २(ख) बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा अनुसूचि २(क)मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क दस्तुर लिइनेछ ।

(३) आर्थिक वर्ष समाप्त भए पछि व्यवसाय दर्ता र नविकरण शुल्कमा गाउँ कार्यपलिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय सञ्चार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजिनक गरिनेछ ।

# परिच्छेद-३

# अनुगमन तथा कारबाही

१०. **मुल्यसूचि सम्बन्धी व्यवस्थाः** सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्टसँग देख्ने गरी मूल्यसूचि राख्नुपर्नेछ ।

११. **बजार अनुगमन सम्बन्धी व्यवस्था:** गाउँपालिकाभित्र सञ्चालन भएका व्यवसायहरुलाई स्वस्थ व्यवस्थित तथा प्रतिस्प्रधी बनाउन नियमित बजार बजार अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था सर्केगाड गाउँपालिकाको गाउँकार्यपालिकाले पास गरेको बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ ।

१२. **दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्थाः** सर्केगाड गाउँ कार्यपालिकाले पारित गरेको बजार अनुगमन निर्देशिकामा भएको व्यवस्था विपरितका कार्य गरेको पाइएमा तथा देहाय बमोजिमका कार्यहरु गरेको पाइएमा व्यवसाय दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा
(ख) प्रचलित कानून बमोजिम निषेधित गरिएका बस्तु तथा सेवाको विक्रि वितरण गरेको पाइएमा
(ग) गुणस्तरहिन सामग्रीहरु बेचविखन गरेमा
(घ) कालोबजारी गरेमा
(ङ) म्याद नाघेका सामग्रीहरु बेचबिखन गरेमा
(च) चर्को मूल्यमा वस्तु तथा सेवाको बिक्री वितरण गरेमा
(छ) प्रदुषित फोहोर सामग्रीहरु बेचबिखन गरेमा
(ज) प्रचलित कानूनले निषेधित गरेका अन्य कार्यहरु गरको पाइएमा

१३. **कारबाही र जरिवाना सम्बन्धी व्यवस्थाः** (१) बजार अनुगमनको क्रममा देहायको अवस्था देखिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ ।

(क) मूल्यसूचि नराखेमा............................................................... रु. १०००
(ख) प्रमाणपत्र नराखेमा.................................................................रु २०००
(ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा ............दर्ता दस्तुरको दोब्बर
(घ) गुणस्तरहिन सामग्रीहरु बेचबिखन गरेमा.......................................रु. १००००
(ङ) म्याद नाघेका सामग्रीहरु बेचबिखन गरेमा ................................प्रचलित कानून बमोजिम हुने
(च) बजार मूल्यभन्दा चर्को मूल्यमा सामग्रीहरु बेचबिखन गरेमा ......... प्रचलित कानून बमोजिम हुने
(छ) प्रदुषित फोहार सामग्रीहरु बेचबिखन गरेमा ...............................रु. ५०००
(ज) अन्य विषयको हकमा प्रचलित कानून बमोजिम व्यवसाय सञ्चालन नगरेको पाइएमा सोही कानून बमोजिम कारबाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपछि पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाइ सोही कसुरमा दोब्बर जरीवाना गरिनेछ ।

# परिच्छेद-४
## विविध

१४. **बाधा अड्काउ सम्बन्धी व्यवस्थाः** (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयको आवश्यकता अनुसार थपघट हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अष्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

१५ **विशेष व्यवस्थाः** माथि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश कानून नबनुञ्जेल सम्म वा गाउँपालिकाले बनाएको कानून अर्को ऐन कानूनले खारेज नगरेसम्म यो कार्यविधिमा भएको व्यवस्था पूर्ण रुपमा सक्रिय रहन

सर्केगाड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**सर्केगाड, हुम्ला**

कर्णाली प्रदेश नेपाल

**व्यवसाय दर्ता प्रमाणपत्र**

दर्ता नं.

दर्ता मितिः

श्री ............................................

......................................................

प्रस्तुत विषयमा तपाईलाइ सर्केगाड गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि , २०७८ को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित कानून तथा नियमानूसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्न हुन अनुरोध गरिन्छ ।

व्यवसायको नामः

व्यवसायको प्रकारः

कुल स्थिर पूजिः

व्यवसाय सञ्चालन गर्ने स्थानः

प्रमाणपत्र जारी गर्नेको

सहिः

नाम थरः

पदः

मितिः

कार्यालयको छाप

## अनुसूचि २ (क)

दफा (९) सँग सम्बन्धित

| व्यवसाय दर्ता शुल्क(रुपैयामा) | | |
|---|---|---|
| मदिरा पसल | वितरक | १५०० |
| | थोक | १२०० |
| | खुद्रा | १००० |
| चुरोट-बिंडी सुर्तीजन्य | वितरक | १५०० |
| | थोक | १२०० |
| | खुद्रा | १००० |
| हल्का पेय पदार्थ | वितरक | १५०० |
| | थोक | १२०० |
| | खुद्रा | १००० |
| सूनचाँदी पसल | खुद्रा पसल र मर्मत | १५०० |
| औषधी पसल | थोक | १२०० |
| | खुद्रा डाक्टर सहितको सेवा | १००० |
| | खुद्रा औषधी बिक्रीमात्र | १००० |
| माछामासु बिक्री पसल | | १००० |
| आयुर्वेदिक औषधी पसल | | १५०० |
| एग्रोभेट सेन्टर | | १००० |
| स्टेशनरी तथा खुद्रा पसल | | १००० |
| छपाइ तथा प्रकाशन | | १५०० |
| कस्मेटिक पसल | | १००० |
| मोटर पार्टस | | १००० |
| प्लाइ तथा सिसा | | १००० |
| कपडा/फेन्सी/जुत्ताचप्पल पसल | | १००० |
| टाँक धागो पसल | | ७०० |
| इलेक्ट्रोनिक पसल | | १००० |
| हार्डवेयर पसल | | १००० |
| पेट्रोलियम पदार्थ | | २५०० |
| ढुङ्गा तथा गिटी बालुवा बिक्री वितरण | | ५००० |
| स्टिल आल्मुनियम पसल | | २००० |
| फर्निचर | | २००० |
| क्यारम बोर्ड | | १००० |
| स्नुकर तथा पुल हाउस | | २००० |
| सिलाइ कटाइ | | १००० |
| पशु आहार बिक्री केन्द्र | | ५०० |
| किराना पसल | | १००० |

| | | |
|---|---|---|
| फलफूल/तरकारी पसल | | १००० |
| भाँडा पसल | | १००० |
| विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसायी सेवा(चिकित्सक, कन्सल्टेन्ट, कानून व्यवसायी, लेखापरीक्षण व्यवसायी, परामर्शदाता,पशु चिकित्सक ) | | २००० |
| ढुवानी तथा ट्रान्सपोर्ट सेवा | | १००० |
| पेन्टर/ साइनबोर्ड लेखन | | १५०० |
| खोटो व्यवसाय | | २००० |
| यस व्यवसायको वर्गिकरणमा नपरेका अन्य व्यवसाय | | १००० |
| ग्रिल उद्योग | | १००० |
| घरेलु उद्योग | | १५०० |
| गार्मेन्ट उद्योग | | १५०० |
| उपभोग्य वस्तुको उत्पादन | | ५०० |
| कुटानी पिसानी मिल | | १५०० |
| कुटिर उद्योग | | १५०० |
| होटल तथा रेष्टुरेन्ट | | १००० |
| एफ.एम. सञ्चालन | | २५०० |
| पत्रपत्रिका | | १००० |
| फोटोकपि फोटो स्टुडियो  साइवर सेवा | | १००० |
| वित्तिय सेवाप्रदायक सेवा | | २५०० |
| स्वास्थ्य सेवा (ल्याव, चस्मा पसल, निजी अस्पताल) | | १५०० |
| शिक्षा सेवा निजी | | २००० |
| ड्राइ क्लिन व्युटी पार्लर सैलुन | | १००० |
| नीजि शिक्षा सेवा | | |
| सवारी साधन मर्मत सेन्टर | | १००० |
| सिनेमा हल | | ५००० |

अनुसूचि २ (ख)

दफा (९) सँग सम्बन्धित

| व्यवसाय नविकरण शुल्क(रुपैयामा) | | |
|---|---|---|
| मदिरा पसल | वितरक | १२०० |
| | थोक | १००० |

| | | |
|---|---|---|
| | खुद्रा | ७०० |
| चुरोट-विँडी सुर्तीजन्य | वितरक | १२०० |
| | थोक | १००० |
| | खुद्रा | ७०० |
| हल्का पेय पदार्थ | वितरक | १२०० |
| | थोक | १००० |
| | खुद्रा | ७०० |
| सूनचाँदी पसल | खुद्रा पसल र मर्मत | १००० |
| औषधी पसल | थोक | १००० |
| | खुद्रा डाक्टर सहितको सेवा | ७०० |
| | खुद्रा औषधी विक्रीमात्र | ५०० |
| माछामासु बिक्री पसल | | ७०० |
| आयुर्वेदिक औषधी पसल | | ७०० |
| एग्रोभेट सेन्टर | | ७०० |
| स्टेशनरी तथा खुद्रा पसल | | ७०० |
| छपाइ तथा प्रकाशन | | ७०० |
| कस्मेटिक पसल | | ७०० |
| मोटर पार्टस | | १००० |
| प्लाइ तथा सिसा | | १००० |
| कपडा/फेन्सी/जुत्ताचप्पल पसल | | १००० |
| टाँक धागो पसल | | ७०० |
| इलेक्ट्रोनिक पसल | | १००० |
| हार्डवेयर पसल | | १००० |
| पेट्रोलियम पदार्थ | | २५०० |
| ढुङ्गा तथा गिटी बालुवा विक्री वितरण | | २५०० |
| स्टिल आल्मुनियम पसल | | १५०० |
| फर्निचर | | १५०० |
| क्यारम बोर्ड | | ७०० |
| स्नुकर तथा पुल हाउस | | १५०० |
| सिलाइ कटाइ | | ७०० |
| पशु आहार बिक्री केन्द्र | | ० |
| किराना पसल | | ७०० |
| फलफूल/तरकारी पसल | | ७०० |
| भाँडा पसल | | ७०० |
| विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसायी सेवा(चिकित्सक, कन्सल्टेन्ट, कानून व्यवसायी, लेखापरीक्षण व्यवसायी, परामर्शदाता,पशु | | १५०० |

| | | |
|---|---|---|
| चिकित्सक ) | | |
| ढुवानी तथा ट्रान्सपोर्ट सेवा | | ७०० |
| पेन्टर/ साइनबोर्ड लेखन | | १००० |
| खोटो व्यवसाय | | १५०० |
| यस व्यवसायको वर्गिकरणमा नपरेका अन्य व्यवसाय | | ७०० |
| ग्रिल उद्योग | | १००० |
| घेरेलु उद्योग | | १००० |
| गार्मेन्ट उद्योग | | १००० |
| उपभोग्य वस्तुको उत्पादन | | ५०० |
| कुटानी पिसानी मिल | | १००० |
| कुटिर उद्योग | | १००० |
| होटल तथा रेष्टुरेन्ट | | ७०० |
| एफ.एम. सञ्चालन | | १५०० |
| पत्रपत्रिका | | ७०० |
| फोटोकपि फोटो स्टुडियो  साइवर सेवा | | ७०० |
| वित्तिय सेवाप्रदायक सेवा | | १५०० |
| स्वास्थ्य सेवा (ल्याव, चस्मा पसल, निजी अस्पताल) | | १००० |
| शिक्षा सेवा निजी | | १५०० |
| ड्राइ क्लिन व्युटी पार्लर सैलुन | | ७०० |
| नीजि शिक्षा सेवा | | |
| सवारी साधन मर्मत सेन्टर | | ७०० |
| सिनेमा हल | | २५०० |

सर्केगाड गाउँपालिका, हुम्ला

अनुसूचि ३

दफा ६ सँग सम्बन्धित

मिति २०  /  /

श्रीमान्, प्रमुख प्रशासकिय अधिकृत ज्यु,
सर्केगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
सर्केगाड हुम्ला ।

विषयः व्यवसाय दर्ता गरिपाउँ ।

महोदय,

प्रस्तुत विषयमा मैले निम्न अनुसारको व्यवसाय सञ्चालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनु हुन अनुरोध छ ।

व्यवसायको नामः
व्यवसायको प्रकारः
कुल स्थिर पूँजिः
व्यवसाय सञ्चालन गर्ने स्थानः

**संलग्न कागजातहरु**

(क) हालसालै खिचेको दुइ प्रति फोटो
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस
(ग) व्यवसाय सञ्चालन गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्र
(घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि
(ङ) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनिको मन्जुरीनामा
(च) उद्योगको हकमा सधियारको मञ्जुरीनामा
(छ) स्थानिय उद्योग वाणिज्य संघको सीफारिस पत्र

सर्केगाड गाउँपालिका, हुम्ला

निवेदक

नामः

ठेगानाः

मितिः

दस्तखतः

आज्ञाले
रुद्र बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत